# अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा सेनाको भूमिका

**बसन्त खड्का**


**लेखसार**

*पछिल्लो समय अन्तर्राष्ट्रिय तहमा नेपालको सम्बन्ध र साझेदारी बढ्दै जाँदा नेपाली सेनाको भूमिका पनि महत्त्वपूर्ण रहँदै आएको छ। नेपाली सेनाले सैन्य कूटनीतिका माध्यमबाट तथा नेपाल सरकारले दिएको जिम्मेवारीलाई निर्वाह गर्ने क्रममा विभिन्न ढंगले नेपालको अन्य मुलुकसँगको कुटनीतिक सम्बन्धमा नयाँ इट्टा थप्ने काम गर्दै आइरहेको छ । सेनाले नेपालको कुटनीतिक सम्बन्ध विस्तारका लागि गरिरहेको प्रयास नौलो भने होइन । समयक्रमसँगै सेनाले अन्य मुलुकसँग राख्ने सम्बन्ध र यसको प्रकृतिमा केही परिवर्तन अवश्य भएको छ तापनि यसको भूमिका परिवर्तित समयमा अझ बढी महत्त्वपूर्ण र सशक्त हुँदै गइरहेको छ । विभिन्न मुलुकसँग हुने सैन्य साझेदारी र संयुक्त राष्ट्रसंघको मातहतमा रहेर शान्तिसेनाका रुपमा नेपाली सेनाले खेलिरहेको भूमिका र यसले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा पुऱ्याइरहेको टेवा पछिल्लो समय साँच्चिकै प्रशंसनीय रहँदै आएको छ। यस लेखमार्फत् इतिहासदेखि वर्तमान अवस्थासम्म आइपुग्दा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र साझेदारीमा सेनाले खेलिरहेको भूमिकालाई केलाउने प्रयास गरिएको छ ।*


**शब्दकुञ्जी**: सैन्य कूटनीति, नेपाल एकीकरण, नेपाल-अंग्रेज युद्ध, शान्ति सैनिक, अन्तर्राष्ट्रिय सम्बन्ध, सैन्य इतिहास, सैन्य साझेदारी ।

**पृष्ठभूमि**

नेपाली सेनाले नेपालका तर्फबाट अन्तर्राष्ट्रिय तहमा खेलिरहेको कूटनीतिक भूमिकाका बारे व्याख्या गर्नुभन्दा पहिले यसको इतिहासबारे संक्षिप्तमा उल्लेख गर्नु बाञ्छनीय हुनेछ । तत्कालीन गोर्खाली सेना, शाही नेपाली सेना हुँदै हाल नेपाली सेनाका रुपमा रहेको गौरवमय संगठनको साइनो नेपाल एकीकरणसँग जोडिएको छ ।

तत्कालीन गोरखा राज्यमा पृथ्वीनारायण शाहको नेतृत्वमा स्थापना भएको यस संगठनले नेपाल एकीकरणको कार्यभार पूरा गर्दै तत्कालीन इस्ट इन्डिया कम्पनी (बेलायत) सँग समेत वीरतापूर्वक लड्दै नेपालको भू-भागको रक्षा गरेर गौरवमय इतिहास कायम गर्न सफल बनेको थियो ।

एउटा काँधमा राष्ट्रिय एकीकरणको जिम्मेवारी र अर्को काँधमा आफ्नो भूमिलाई बाह्य शक्तिबाट जोगाउनुपर्ने महत्त्वपूर्ण ऐतिहासिक कार्यबारलाई सँगसँगै बोध गर्दै जिम्मेवारीलाई सफलतापूर्वक कार्यान्वयन गर्न सकेकै कारण विश्वमाझ नेपाल वीर गोरखालीको मुलुकका रुपमा परिचित बन्न सफल भएको हो । यसको सम्पूर्ण श्रेय सेनालाई जान्छ ।

**ऐतिहासिक जिम्मेवारी**

बाइसे र चौबिसे अवस्थामा छरिएर रहेको भू-भागलाई एकीकरण गर्ने र आधुनिक हतियारबाट सुसज्जित बेलायती सेनासँग लडेर आफ्नो भूमिको रक्षा गर्ने कार्यभार तत्कालीन गोरखाली सेनाका लागि सहज अवश्य पनि थिएन । तर पनि गोरखाली सेनाले सिंगो नेपालको परिकल्पना गर्दै नेपालको भू-भाग विस्तार गर्ने तत्कालीन राजा पृथ्वीनारायण शाहको सपनालाई साकार बनाउँदै बेलायती शासकको उपनिवेशबाट नेपाललाई मुक्त राख्न अथक प्रयास गरिरहयो जसको

परिणामस्वरुप विश्व-मानचित्रमा नेपाल एउटा स्वतन्त्र मुलुकका रुपमा स्थापित हुन सफल भयो । औपचारिक हिसाबले दूतावास स्थापना गरेरै नेपाल विश्व जगतसँग जोडिन थालेको १९३० को दशकपछि मात्र हो । वास्तवमा गोरखाली सेनाले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आफ्नो पहुँच र प्रभाव देखाउन थालेको सन् १७४४ मा काजी कालुपाँडेको नेतृत्वमा सैन्य टुकुडी स्थापना भएदेखि नै हो । *(दि व्याटल)* (हिस्ट्री अफ दि नेपाली आर्मीः दि युनिफिकेशन)

नेपालको सैन्य सामर्थ्यकै कारण सीमा-विस्तारको अभियान पूर्वमा टिष्टा र पश्चिममा किल्ला कांगडासम्म पुग्न सफल बनेको हो ।

जुन समयमा मुलुकहरुको सम्बन्धको आधार युद्ध वा सैन्य शक्तिलाई मानिन्थ्यो, त्यस समयमा नेपालको तत्कालीन सेनाले सैन्य सामर्थ्य र वीरतापूर्ण युद्धका माध्यमबाट नेपाललाई अन्य मुलुकसँग चिनाउने काम गर्‍यो । सन् १८१४ देखि १६ सम्म नेपाल र इस्ट इन्डिया कम्पनीबीच भएको लडाइँ र त्यसमा पनि विशेष गरी कप्तान बलभद्र कुँवरले वीरतापूर्वक लडेको घटनाले नेपाली सेनाको इतिहास र प्रभाव नेपालमा मात्र नभई बाहिरी मुलुकहरुमा पनि स्थापित बन्न पुग्यो । *(जनरल बलभद्र कुँवर)*

पछिल्लो समय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले नेपाल विश्वमा देखिन र सुनिन थालेको बताउने गर्नुभएको छ । (*नेपाल विश्वमा सुनिन र देखिन थालेको छ,* २०७६ असार २३) यसको अर्थ कूटनीतिक हिसाबले नेपाल अहिले महत्त्वपूर्ण स्थानमा छ, भन्ने हो । यो मुलुकका लागि गर्व र खुसीको कुरा हो । तथापि सैन्य सामर्थ्य र प्रभावका हिसाबले नेपाल दुई सय वर्ष पहिलेदेखि नै अन्तर्राष्ट्रिय क्षेत्रमा सुनिन र चिनिन थालिसकेको थियो । यसको अर्थ सेनालाई सरकारभन्दा पृथक भन्न खोजिएको भने होइन ।

गोर्खाली सेनाले अग्रेजसँग मात्र होइन, खम्पा विद्रोहदेखि भारतको गुजरात र मिर्जापुरमा सन् १८१७ देखि ०१८ सम्म भएको पिण्डारी युद्ध हुँदै सन् १८४५ देखि ४६ सम्म भारतको पञ्जाबमा चलेको एङ्लो शिखयुद्ध र १८४८ देखि ०४९ सम्म चलेको दोस्रो शिखयुद्ध साम्य पार्न पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सन् १८५७ देखि ०५९ सम्म भारतमा भएको सिपाही विद्रोह, १८७८ देखि १८८० सम्म भएको दोस्रो अफगान युद्ध, पहिलो विश्वयुद्ध, दोस्रो विश्वयुद्ध हुँदै भारतको हैदरावादमा भएको आन्दोलन रोक्न नेपालको सेनाले खेलेको भूमिका एउटा गौरवशाली इतिहासका रुपमा स्थापित भइसकेको छ । *(हिस्ट्रि अफ फेमस गोरखाज अ टाइमलाईन २०१९)*

इतिहासमा नेपालको सेनाले देखाएको साहस, कौसल र कूटनीतिक सम्बन्धकै कारण नेपाललाई अन्तर्राष्ट्रिय तहमा आफ्नो पहुँच र प्रभाव विस्तारमा सहज बनेको थियो । भारतीय सेना, बेलायती सेना, सिंगापुर प्रहरी लगायतका विश्वका विभिन्न मुलुकमा अहिले पनि गोरखा भर्तीलाई प्राथमिकता दिनुको मुख्य कारण तत्कालीन अवस्थामा यहाँको सेनाले खेलेको बहादुरीपूर्ण भूमिकालाई नै प्रमुख कारण मानिन्छ ।

**सैन्य कूटनीति**

सामान्यतया कुनै मुलुकको राष्ट्रिय नीतिको विस्तारित रुपलाई विदेश नीतिका रुपमा अर्थ्याउने गरिन्छ । मुलुकको आन्तरिक हित प्रवर्द्धनका निम्ति अपनाइने अन्तर्राष्ट्रिय नीति नै विदेश नीति हो । नेपाली सेनाले सैन्य क्षेत्रबाट अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्ध विस्तारमा खेलिरहेको भूमिका यसैको एउटा पाटो हो जसलाई सैन्य कूटनीतिका रुपमा अर्थ्याउने गरिएको छ ।

सैन्य कुटनीति रक्षा विभागका प्रतिनिधिमार्फत् गरिने गतिविधि हो । यसका माध्यमबाट एउटा मुलुकले आफ्नो मुलुकको सुरक्षा र रक्षा चासोलाई अर्को मुलुकसामु राख्ने गर्छ । सैन्य कूटनीतिकै माध्यमबाट एक मुलुकले अर्को

मुलुकको सुरक्षा निकाय र सुरक्षा अवस्थाका बारेमा सूचना संकलन तथा विश्लेषण गर्ने, सुरक्षा निकायबीच संवाद, आपसी सम्बन्ध र सहकार्य अभिवृद्धि गर्ने, दुई मुलुकका सुरक्षा अधिकारीबीचमा भ्रमण आदान-प्रदान गराउने एवं सैन्य उपकरणमा सहायता एवं सहकार्य गर्ने लगायतका काम पर्छन् । (पज्टिनका, २०१६)

मुलुकहरु सैन्य कूटनीतिमा सहभागी हुनुको लक्ष्य वा उदेश्य भनेको आपसमा मिलेर काम गर्दै शान्ति र विश्वासको वातावरण तयार पार्नु हो । रक्षा कूटनीतिले वैदेशिक सम्बन्धलाई प्रवर्द्धन गर्दै र सरकारका अन्य कूटनीतिक सम्बन्धलाई समर्थन गर्दै मुलुकको विशिष्ट विदेशनीतिको उद्देश्यलाई अगाडि बढाउन मद्दत गर्छ । (मुथान्ना, २०११, पृ.३)

नेपाली सेना सरकारकै एउटा सुरक्षा अंग भएकाले यसले अन्य मुलुकसँग विस्तार गर्ने सम्बन्ध सरकारकै कूटनीतिक सम्बन्धभित्र पर्ने गर्छन् । कुनै पनि मुलुकले अर्को मुलुकसँग विस्तार गर्ने सम्बन्धका विविध पक्ष अन्तर्गत सैन्य कूटनीति एउटा पाटोका रुपमा रहेको हुन्छ । यसर्थ नै सरकारले कूटनीतिक नियोग रहेका मुलुकमा सैन्य सहचारीको पनि व्यवस्था गरेको हुन्छ ।

नेपाली सेनाले हालै मात्र अमेरिकाका तर्फबाट अनुदानमा प्राप्त गरेका दुई स्काइ ट्रक तथा आउने क्रममा रहेका केही स्काई ट्रक र गत असारमा चीनले नेपाललाई सबा दुई अर्ब नेपाली बराबरको सैन्य साम्रग्री दिने सम्झौता सैन्य कूटनीतिका उपज हुन् । अन्य मित्रराष्ट्रहरुले पनि नेपाली सेनालाई विपद् व्यवस्थापन तथा मानवीय सहायता लगायतका क्षेत्रमा सहयोग गर्न तालिम तथा अन्य सहयोग गर्ने गरेका छन् । यी सबै सहयोग नेपाली सेना र अन्य मुलुकका सेनाबीचको सैन्य कूटनीतिका कारण सम्भव भएको हो ।

**अन्तर्राष्ट्रिय तहमा नेपाली सेनाको भूमिका**

नेपाली सेनाले युद्ध वा सामर्थ्यको हिसाबले आफ्नो पहुँच विस्तार गर्ने समयमा मात्र होइन, बदलिँदो परिवेशसँगै शान्ति र सहकार्यका माध्यमबाट मुलुकहरुको सम्बन्ध विस्तार गर्न सकिन्छ भन्ने परिस्थितिलाई पनि सहजै अबलम्बन गर्न सफल बनेको छ । परिस्थितिअनुसार आफूलाई अब्बल सावित गर्दै अन्तर्राष्ट्रिय तहमा मुलुकको हित र आफ्नो पहिचानका लागि सेनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

सन् २०१५ मा भारतको नाकाबन्दीका बीच तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीले प्रधानमन्त्री केपी ओलीको सल्लाहअनुसार भारत भ्रमण गरेर सैन्य च्यानलमार्फत् नाकाबन्दी अन्त्य गर्न पहल गरेको बताउने गरिन्छ । नेपालका प्रधानसेनापति भारतका पनि मानार्थ सेनाप्रमुख हुने प्रावधानका कारण पनि सैन्य तहबाट भएको उक्त प्रयासले सफलता मिलेको बताइन्छ । (दिल्लीले किन लियो यू टर्न, *फागुन २०७२,* ) यस विषयमा तत्कालीन प्रधानसेनापति क्षेत्रीले विभिन्न कार्यक्रममा पनि बोलेको पाइन्छ । प्रधानसेनापति क्षेत्रीले माघ १८, २०७२ मा भारत भ्रमण लगत्तै ६ महिनौंदेखि जारी नाकाबन्दी अन्त्य भएको थियो । दुई मुलुकबीचमा अझमझदारी भइरहेका बेला सैन्य कूटनीतिका माध्यमबाट भएको उक्त प्रयासले दुई मुलुकबीचको चिसिएको सम्बन्ध साधारण अवस्थामा ल्याएको थियो । सेनाले भने यसका बारेमा आधिकारिक दाबी वा डकुमेन्टेड गरेको पाइँदैन । नेपाली सेनाले दुई मुलुकबीचको सैन्य तथा कूटनीतिक सम्बन्ध विस्तारमा एक अर्काको मुलुकको मानार्थ सेनाप्रमुख हुने परम्पराले महत्त्वपूर्ण भूमिका खेल्ले बताउने गरेको छ । नाकाबन्दी खोल्न राजनीतिक हिसाबले प्रयास भइरहेको थियो । सैन्य तवरले पनि हामीले प्रयास गऱ्यौं । *(क्षेत्री, कात्तिक २०७४)*

नेपाल र भारतबीचमा एक अर्काको सेना प्रमुखलाई मानार्थ सेना प्रमुखको  सम्मान दिने परम्परा दोस्रो विश्वयुद्ध अन्त्य भएपछि सन् १९४५ देखि सुरु भएको हो । सन् ०४५ मा तत्कालीन ब्रिटिस भारतका तर्फबाट सेनाप्रमुख सर क्लाउडेलाई तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरले पहिलोपटक मानार्थ जर्नेलको उपाधिबाट

सम्मान गरेका थिए । जुद्ध शमशेरले सर क्लाउडेलाई मानार्थ सेना प्रमुखको सम्मान दिनकै लागि आफ्नो अवकाशको समय समेत थप गरेका थिए । सन् ०४५ अक्टोबर पहिलो साता ब्रिटिस सरकारका तर्फबाट जापानसँग युद्ध लडेका नेपाली सेनाको पल्टन स्वदेश फर्किएपछि २४ अक्टोबर ०४५ मा तत्कालीन ब्रिटिस भारतका सेनाप्रमुख सर क्लाउडेले नेपाल भ्रमण गरेका थिए । त्यस अवसरमा उनलाई मानार्थ जर्नेलबाट सम्मान गरिएको थियो (प्रसाद, सन् १९९६, पृ. २७६) ।

भलै वर्तमान अवस्थामा अन्य मुलुकहरुसँग पनि सैन्य सम्बन्धका नयाँ आधारहरु तयार हुँदै गर्दा यसको निरन्तरता कति उपयुक्त हुन्छ भनेर बहस गर्न सकिएला, तर तत्कालीन अवस्थामा नेपाल र तत्कालीन बेलायती शासकबीचको सम्बन्ध सुमधुर बनाउन सेनाको मानार्थ प्रमुख बनाउने प्रचलनले अवश्य महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

नेपाली सेनाले बदलिँदो परस्थितिमा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो पहुँच र प्रभाव विस्तार गर्ने क्रममा हाल अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्य र छिमेकी मुलुक तथा अन्य मित्र राष्ट्रसँगको सैन्य अभ्यास र सहकार्य गर्दै आइरहेको छ । संयुक्त राष्ट्र संघ (युएन) मातहत रहेर नीलो टोपीको माध्यमबाट द्वन्द्वरत मुलुकहरुमा शान्ति कायम गर्ने कार्यमा नेपाली सेनाले खेलिरहेको भूमिका प्रशंसनीय रहँदै आएको छ ।

पछिल्लो समय सैन्य क्षमता अभिवृद्धिमा नेपाली सेनाले उल्लेख्य प्रगति हासिल गर्न नसके पनि निशस्त्रता र शान्ति कायमका क्षेत्रमा उसले खेलेको भूमिकाले नेपाली सेना युएनको मातहतमा शान्ति स्थापनार्थ गर्ने विश्वकै पाँचौं मुलुक बन्न सफल बनिरहेको छ । *(दि नेपाली आर्मी इन युएन पिस सपोर्ट अपरेशन)*

यसले नेपाली सेनालाई मात्र नभएर समग्र मुलुकको शिरलाई ठाडो पार्ने काम मात्र गरेको छैन, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सम्बन्धलाई समेत अझ प्रगाढ बनाउने काम यस संगठनले गरेको छ । शान्ति सेनामा नेपाली सेनाले खेलेको महत्त्वपूर्ण भूमिकाकै कारण नेपाल सरकारले अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त गर्ने सहयोग र सद्भावमा पनि वृद्धि हुँदै गइरहेको छ । आज नेपालले अन्तर्राष्ट्रिय सम्बन्ध र नेपालको भूमिकाका बारेमा बोल्दा नेपाली सेनाले शान्ति स्थापनार्थ खेलिरहेको भूमिका अग्र स्थानमा आउने गर्छ ।

नेपाल अन्तर्राष्ट्रिय जगतमा शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमिका रुपमा मात्र नभएर विश्वमै शान्तिको सन्देश छर्ने शान्ति सैनिकहरुको जन्मभूमिका रुपमा पनि चिनिन थालेको छ । यसले अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको छवि उच्च गर्ने मात्र नभई मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा पनि महत्त्वपूर्ण र अर्थपूर्ण भूमिका खेल्ने गरेको छ ।

सरकारले छिमेकी तथा मित्र राष्ट्रहरुसँग कूटनीतिक सम्बन्ध विस्तारमा महत्त्वपूर्ण काम गरिरहँदा नेपाली सेनाले पनि छिमेकी तथा मित्रराष्ट्रका सैनिकहरुसँग आफ्नै ढंगले सैन्य कूटनीतिलाई अगाडि बढाइरहेको छ । अमेरिका, बेलायत, चीन र भारतसँग पछिल्लो समय भइरहेका सैन्य साझेदारी, तालिम, उपकरण तथा ज्ञानको आदानप्रदान यसैका उदाहरण हुन् ।

अमेरिकासँग हुँदै आइरहेको प्यासिफिक कमाण्ड तालिम, चीनसँग हुँदै आएको सगरमाथा संयुक्त सैन्य तालिम तथा भारतसँग हुँदै आइरेको सूर्यकिरण तालिम पछिल्लो समयमा सेनाले सैन्य कूटनीतिका माध्यमबाट मुलुकको सम्बन्ध र साझेदारी विस्तारमा गरिरहेका केही प्रयास हुन् । नेपाली सेनाले अहिले पनि विभिन्न १३ मुलुकसँग संयुक्त तथा छुट्टा-छुट्टै सैनिक तालिमहरु सञ्चालन गर्दै आएको छ । *(नागरिक दैनिक, भदौ २०७६)*

नेपाली सेनाले विभिन्न मुलुकका सेनासँगको सहकार्यमा प्राकृतिक विपद्सम्बन्धी तालिम-अभ्यास गर्दै आएको छ । नेपालमा वि. सं.२०७२ मा गएको भूकम्पका बेला नेपाली सेनाले उद्धारको कामलाई प्रभावकारी बनाउन

त्यस किसिमका तालिमले भूमिका खेलेको बताउने गरेको छ। विपद्का बेला नेपाली सेना मात्र नभएर नेपालसँग विपद् व्यवस्थापनमा साझेदारी तथा संयुक्त अभ्यास गर्दै आएका चीन र भारतका सैनिकले उद्धारमा तत्कालै सहायता र सहकार्यका हात अघि बढाएका थिए। भारत, चीन लगायत अन्य मुलुकका सेनाहरुले भूकम्पका बेला उद्धार र राहतमा तत्कालै सहयोग अघि बढाउनु र आफैँ राहत र उद्धारमा खटिनुलाई सेनाले सैन्य कूटनीतिको कारण मान्दै आएको छ।

## निष्कर्ष

नेपाली सेना  कठोर मिहिनेत, धैर्य, साहस र कौशल तथा व्यावसायिकताका कारण शक्तिशाली मुलुकका सेनाको नजरमा समेत पर्न सफल भएको छ।  त्यही कारणले गर्दा शक्तिशाली भनिएका मुलुकका सेनाले पनि नेपाली सेनासँगको संयुक्त अभ्यास तथा तालिममा सहभागिता जनाउने गरेका छन्।

मुलुकको आर्थिक अवस्थाका कारण सैन्य क्षमता अभिवृद्धिमा भलै सन्तोषजनक उपलब्धि हासिल हुन नसकेको छैन, तथापि नेपाली सेनाले राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा आफूलाई कमजोर हुन दिएको छैन, बरु एक कदम अघि बढेर शक्तिशाली मुलुकसँग साझेदारी, सहकार्य र सम्बन्ध विस्तारमा धेरै ठूलो योगदान दिँदै आइरहेको छ। यसले गर्दा नेपाली सेनाप्रतिको अन्तर्राष्ट्रिय विश्वास समेत बढ्दै गइरहेको छ। यसले के देखाउँछ भने विगतमा नेपाली सेना वीरताका कारण अन्तर्राष्ट्रिय तहमा आफ्नो पहुँच र मुलुकको सम्बन्ध विस्तारमा अघि लम्किरहेको थियो भने, आज सहज परिस्थितिको मूल्याङ्कन गर्दै कूटनीतिक हिसाबले आफ्नो पहुँच र मुलुकको सम्बन्धलाई विस्तार गर्ने काम गरिरहेको छ।

नेपाली सेनाले अन्तर्राष्ट्रिय तहमा सम्बन्ध विस्तारमा मात्र नभएर मुलुकभित्रै पनि एउटा विश्वासिलो र भरपर्दो सरकारी संयन्त्रका रुपमा आफूलाई स्थापित गर्न सफल बनिरहेको छ जसले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सेनाको विश्वास बढ्दै गएको छ भने आम नागरिकमा समेत सेनाप्रति गौरव र प्रेमको भाव झल्किने गरेको छ।

## सन्दर्भ सामग्री सूची


म्यानपालन, एन (n.d.), *बेभ्स अफ ब्रेभ, रि-प्रिजेन्टेसन अफ दि गोर्खा इन ब्रिटिस मिलिटरी व्रिरस्।*

क्षेत्री, राजेन्द्र (२०७४, कार्तिक १९), *तमसोमा ज्योतिर्गमय,* एपी टेलिभिजनमा दिनुभएको अन्तर्वार्ता।

जनरल *बलभद्र कुँवर: दि हिन्दू लाइफ अफ नेपाल* (n.d.),मिल्ट्री डट विकिया डट ओआरजी।

दिल्लीले किन लियो यु टर्न ? (२०७२ फागुन ६) *नयाँ पत्रिका दैनिक।*

*दि नेपाली आर्मी इन यूएन पिस सपोर्ट अपरेशन* (n.d.),नेपाल आर्मी डट मिल एनपि

*नागरिक दैनिक* (२०७६ भदौ १३)

नेपाल, प्रदीप (२०७६ असार २३), नेपाल विश्वमा देखिन र सुनिन थालेको छ *(हिमाल)*

नेपाल आर्मी, *हिस्ट्री अफ दि नेपाली आर्मी, दि युनिफिकेशन ब्याटल*-नेपाल आर्मी डट मील डट एनपी

पज्टिनका, इ. (२०१६) *मिल्ट्री डिप्लोमेसी एण्ड इट्स् प्रिजेन्ट फङ्सन,* विद्यावारिधि शोध प्रबन्ध, मटेज वेल युनिभर्सिटी इन वांस्का, वास्टेरिका, स्लोभानिया।

प्रसाद, ईश्वरी (१९९६) *दि लाईफ एण्ड टाईम अफ महाराज जुद्ध शमशेर जंग बहादुर राणा आफ नेपाल*

मुथान्ना, के (२०११ जनवरी १), *मिल्ट्री डिप्लोमेसी*

*हिस्ट्री अफ फेमस गोरखाज् अ टाइमलाइन* (२०१९ अगस्ट १५)